# आधारभूत विद्यालयमा शैक्षिक व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय
शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर
तह एम.एड. द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

**शोधपत्र**

**प्रस्तुतकर्ता**
वेदकुमार खरेल
क्याम्पस रोल नं : १३३/२०६४-६६
परीक्षा क्रमाङ्क : २०४०००८/२०६६
त्रि.वि.द.नं.: २४४३३-८८

**कनकाई बहुमुखी क्याम्पस**
**शैक्षिक योजना तथा व्यवस्थापन विभाग**
**सुरुङ्गा, झापा, नेपाल**
**वि.सं.२०७५/इ.सं. २०१९**

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त )
# कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका-३ सुरुङ्गा (झापा)
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.
मिति :..........................

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका परीक्षा क्रमाङ्क २०४०००८/२०६६ का छात्र वेदकुमार खरेलले मेरो प्रत्यक्ष निर्देशनमा **आधारभुत विद्यालयमा शैक्षिक व्यवस्थापन** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

मिति : १३ नोभेम्बर २०१८

ठाकुरप्रसाद रसाईली
शोध निर्देशक

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
# कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :........................

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्ष परीक्षा क्रमाङ्क २०४०००८/२०६६ का छात्र बेदकुमार खरेलले **आधारभुत विद्यालयमा शैक्षिक व्यवस्थापन** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

| **नाम/थर** | **पद** | **हस्ताक्षर** |
| --- | --- | --- |
| १. सहायक प्रा. मोहनप्रसाद ओली | विभागीय प्रमुख | ........................ |
| २. उपप्रा. ठाकुरप्रसाद रसाईली | शोध निर्देशक | ........................ |
| ३. प्रा.डा. प्रदिपचन्द्र गौतम | बाह्य परीक्षक | ........................ |

मिति : १८ जनवरी २०१९

# कृतज्ञताज्ञापन

*आधारभूत विद्यालयमा शैक्षिक व्यवस्थापन* शीर्षकमा शोधकार्य सम्पन्न गरी प्रस्तुत गरिएको छ । शोधपत्र स्वीकृत गरी यो विषयमा शोधकार्य गर्ने अवसर प्रदान गरेकामा यस कनकाई बहुमुखी क्याम्पसप्रति आभार प्रकट गर्दछु ।

यस शोधकार्यको सुरुदेखि अन्तिम लेखाइसम्म निरन्तर रूपमा आवश्यक निर्देशन तथा महत्वपूर्ण सल्लाह, सुझाव एवं हौसला दिई पथ प्रदर्शन गरी सहयोग पुऱ्याउनु हुने कनकाई बहुमुखी क्याम्पसका आदरणीय गुरु तथा शोधनिर्देशक श्री ठाकुरप्रसाद रसाइलीप्रति कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी यस कार्यमा विभिन्न तरहले सहयोग पुऱ्याउनु हुने कनकाई बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख विकास उप्रेती, विभागीय प्रमुख श्री मोहनप्रसाद ओलीप्रति आभार प्रकट गर्दछु ।

यस शोधकार्यको अध्ययनको क्रममा प्रश्नावलीले मागेअनुसार अन्तर्वार्ता तथा समूह छलफलमा सहभागी भई आवश्यक सूचना उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने सम्बन्धित अध्ययन क्षेत्रका स्रोतव्यक्तिहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू, प्रधानाध्यापकहरू, शिक्षकहरू, विद्यार्थीहरू तथा अभिभावकहरूलाई हृदयदेखि धन्यवाद दिन चाहन्छु ।

औपचारिक शिक्षादेखि यस तहसम्म आइपुग्नका लागि आफ्नो अमूल्य समय, श्रम र धन खर्चेर उत्साह र प्रेरणाका साथ सुनौलो अवसर सिर्जना गर्न अहोरात्र लागिपर्ने परमपूजनीय मातापिताप्रति सदैव ऋणी छु । यसै क्रममा हरतरहले सहयोग पुऱ्याउने सम्पूर्ण मेरा परिवारप्रति आभारी छु । मेरो यस कार्यलाई सम्पन्न गर्ने क्रममा विभिन्न सामग्री उपलब्ध गराउनुको साथै आवश्यक सल्लाह, सुझाव प्रदान गरी उत्साह बढाउन सहयोग पुऱ्याउनु हुने जो कोहीलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्रको कम्प्युटर टाइपिङ्गमा सहयोग पुऱ्याउनु हुने सौजन्य डेस्कटप बिर्तामोडकी मैया बराल र बहिनी पुष्पा बरालप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

-------------

बेदकुमार खरेल

# शोधसार

*प्रस्तुत शोधपत्र शीर्षक **आधारभूत विद्यालयमा शैक्षिक व्यवस्थापन** रहेको छ । यो शोधपत्रको प्रमुख उद्देश्य आधारभूत विद्यालयको शैक्षिक व्यवस्थापनको वर्तमान अवस्थाको अध्ययन गर्नुका साथै शैक्षिक व्यवस्थापनमा देखापरेका चुनौतीहरू खोजी गर्नु रहेको छ । शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शैक्षिक व्यवस्थापनमा जोड दिनु आवश्यक भएकाले यसमा बढी केन्द्रित भई प्रस्तुत शोधपत्र सम्पन्न गरिएको छ ।*

*यस अध्ययनलाई पूरा गर्नका लागि व्यवस्थापनका विभिन्न सिद्धान्तहरूमध्ये व्यवहारवादी सिद्धान्त र मानव सम्बन्धी सिद्धान्तलाई सैद्धान्तिक खाकाको रूपमा लिइएको छ । व्यवहारवादी सिद्धान्त अनुसार विवेकपूर्ण निर्णयलाई केन्द्रमा राखी सङ्गठनको साझा लक्ष्य र सङ्गठनमा आबद्ध व्यक्तिका लक्ष्यबीच सन्तुलन कायम गरी अघि बढेमा विद्यालयको लक्ष्य प्राप्तिमा सघाउ पुग्छ । मानव सम्बन्धी सिद्धान्त अनुसार विद्यालयमा कार्यरत सम्पूर्ण व्यक्तिहरूबीच सुमधुर सम्बन्ध कायम राखी शैक्षिक व्यवस्थापनलाई प्रभावकारी बनाउन सकिन्छ । विद्यालय व्यवस्थापन कमजोर बन्दै गइरहेको वर्तमान अवस्थामा व्यवस्थापनका यी सिद्धान्तहरूले सहयोग पुऱ्याउन सक्ने हुँदा यिनीहरूलाई अध्ययनको सैद्धान्तिक खाकाको रूपमा राखिएको छ ।*

*यस अध्ययनमा उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरिएको छ । झापा जिल्लाका १७ वटा स्रोतकेन्द्रहरूमध्ये अनारमनि, हल्दीबारी र राजगढ स्रोतकेन्द्रबाट १/१ वटा विद्यालय पर्ने गरी जम्मा ३ वटा सामुदायिक माध्यमिक विद्यालयहरूका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रत्येक विद्यालयहरूबाट ३/३ जना पर्ने गरी ९ जना शिक्षकहरू, प्रधानाध्यापकहरू तथा समूह छलफल र विद्यालय अवलोकन रुजुसुचीबाट आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि निर्माण गरिएका साधनहरूलाई  शोधनिर्देशकको सहायताबाट बैधता प्रदान गर्ने कार्य गरिएको छ ।*

*अध्ययनको क्रममा सङ्कलित तथ्यहरूको विश्लेषण गर्दा सामुदायिक विद्यालयहरूको व्यवस्थापनको केन्द्रको रूपमा प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समिति रहेको पाइयो । यद्यपि शैक्षिक योजना निर्माण र कार्यान्वयन, विद्यार्थी परामर्श सेवा, परीक्षा व्यवस्थापन, विद्यार्थी मूल्याङ्कन तथा पृष्ठपोषण दिने जस्ता कार्यमा प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिको भूमिका प्रभावकारी नभएको देखिन्छ । त्यस्तै विद्यालय तथा कक्षा अवलोकन, नमूना पाठ प्रदर्शन, पृष्ठपोषण प्रदान जस्ता कार्यमा स्रोतव्यक्तिहरूको*

नियमितता नभएको देखिन्छ भने विद्यालय निरीक्षणका यस्ता क्रियाकलापमा विद्यालय निरीक्षकको संलग्नता नै नभएको देखिन्छ । विद्यालय र समुदायबीच प्रगाढ सम्बन्ध हुन नसक्नु, विद्यालयमा पर्याप्त दरबन्दी उपलब्ध नहुनु, राजनैतिक किचलो, विद्यार्थी अनियमितता, विभिन्न प्रकृतिका शिक्षक रहने वर्तमान राष्ट्रिय शैक्षिक नीतिको कारण शिक्षकहरूको मनोवल उच्च हुन नसक्नु, बालमैत्री शिक्षण हुन नसक्नु, निरीक्षण, अनुगमन तथा मूल्याङ्कनको अनियमितता जस्ता समस्याहरू विद्यालयमा रहेको निष्कर्ष निकालिएको छ ।

विद्यालयको शैक्षिक व्यवस्थापन सुधारका लागि विद्यालयमा रहेका सम्पूर्ण शिक्षक, कर्मचारी तथा समुदायबीच सुमधुर सम्बन्ध कायम राख्नुपर्ने, योजना निर्माण र निर्णय प्रक्रियालाई सहभागितामूलक बनाइनुपर्ने, कार्यक्षमता अभिवृद्धिको लागि विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकले आवश्यक पहल गर्नुपर्ने, सरकारले शैक्षिक लगानीमा वृद्धि गर्नुको साथै स्पष्ट नीति निर्माण गरी शिक्षकको पेशागत स्थायित्वको व्यस्वस्था गर्नुपर्ने, सुपरीवेक्षण तथा अनुगमनको कार्यलाई प्रभावकारी बनाइ दण्ड र पुरस्कारको व्यवस्था गर्नुपर्ने र विद्यालय सुधारका लागि सरोकारवाला सबैले हातेमालो गर्दै आ-आफ्नो क्षेत्रबाट दत्तचित्त भएर लागिपर्नुपर्ने जस्ता सुझावहरू प्रस्तुत गरिएको छ ।

## विषयसूची

**विषय** **पृष्ठ सङ्ख्या**


**परिच्छेद एक : परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ५

१.३ अध्ययनको औचित्य ६

१.४ अध्ययनको उद्देश्य ७

१.५ अनुसन्धानात्मक प्रश्नहरू ७

१.६ अध्ययनको परिसीमा ७

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका**

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन ८

२.२ अध्ययनको सैद्धान्तिक खाका १२

२.३ शैक्षिक उपादेयता १४

**परिच्छेद तीन : अध्ययन विधि**

३.१ अनुसन्धानात्मक ढाँचा १५

३.२ जनसङ्ख्या तथा नमुना छनोट १५

३.३ तथ्याङ्कका स्रोत १५

३.३.१ प्राथमिक स्रोत १५

३.३.२ सहायक स्रोत १६

३.४ अध्ययनका साधनहरू १६

३.४.१ अन्तर्वार्ता अनुसूची १६

३.४.२ समूह छलफल निर्देशिका १६

३.४.३ विद्यालय अवलोकनका लागि रुजुसूची १६

३.५ तथ्याङ्क संकलन प्रक्रिया १७

३.६ तथ्याङ्कको विश्लेषण प्रक्रिया १७

**परिच्छेद चार : नतिजाको विश्लेषण**

४.१ सामुदायिक माध्यमिक विद्यालय व्यवस्थापनको वर्तमान अवस्था १८

४.१.१ योजना निर्माण र कार्यान्वयनको अवस्था १८

४.१.२ विद्यालयमा भौतिक/शैक्षिक सामग्री व्यवस्थापनको अवस्था २०
४.१.३ शिक्षक विद्यार्थी उपस्थिति, कक्षा सञ्चालन र वैकल्पिक व्यवस्थाको अवस्था २२
४.१.४ समस्यामूलक तथा कमजोर विद्यार्थीको लागि विशेष व्यवस्था २३
४.१.५ पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षणिक सामग्रीको उपलब्धता तथा प्रयोगको अवस्था २५
४.१.६ कक्षा अवलोकन तथा निरीक्षणको अवस्था २६
४.१.७ प्र.अ. तथा शिक्षकको कार्यमूल्याङ्कनको अवस्था २८
४.१.८ विद्यार्थी मूल्याङ्कन र प्रगति विवरण व्यवस्थापनको अवस्था ३०
४.२ सामुदायिक माध्यमिक विद्यालयको शैक्षिक व्यवस्थापनमा देखापरेका चुनौतिहरू ३१
४.३ शैक्षिक व्यवस्थापनमा देखिएका समस्याहरू ३२
४.३.१ वि.व्य.स.अध्यक्षको धारणा ३२
४.३.२ शिक्षकहरूको धारणा ३३
४.३.३ प्रधानाध्यापकहरूको धारणा ३३
४.३.४ स्रोतव्यक्तिहरूको धारणा ३३
४.४ प्रभावकारी शैक्षिक व्यवस्थापनका चुनौती न्यूनीकरणका उपायहरू ३४
४.४.१ विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूको धारणा ३४
४.४.२ शिक्षकहरूको धारणा ३५
४.४.३ प्रधानाध्यापकको धारणा ३५
४.४.४ स्रोतव्यक्तिको धारणा ३६

**परिच्छेद पाँच : निष्कर्ष र सुझावहरू**

५.१ निष्कर्ष ३७
५.२ सुझावहरू ३९
५.२.१ नीतिगत तह ३९
५.२.२ अभ्यास तह ४१
५.२.३ अनुसन्धान तह ४२
सन्दर्भ सामग्री सूची
परिशिष्टहरू

# तालिकासूची

१ : योजना निर्माण र कार्यान्वयनको अवस्था १९

२ : पाठ्यक्रम, शिक्षक निर्देशिका तथा शैक्षिक सामग्रीको उपलब्धता तथा प्रयोग २५